

झण्डै ६ दशक अगाडि रात्रीकालीन क्याम्पस पढेर सर्वोच्च अदालतको न्यायाधीशसम्म बन्नु भएकी गौरी ढकाल अवकाश पछि ७५ वर्ष पुग्नै लाग्दा पनि सामाजिक मुद्दामा काम गरिरहनु भएको छ ।

# न्यायको क्षेत्रमा उदाएको नाम : गौरी ढकाल



● प्रमिला बिडारी

नेपाली महिलाले न्यायको क्षेत्रमा उर्जा र प्रेरणा प्राप्त गर्न सक्ने एक सफल व्यक्तित्वको नाम हो न्यायमुर्ती गौरी ढकाल । छोरीले पढनु हुँदैन, 'छोरी भनेको अर्काको भित्तो टाल्ने जात हो' भनेर जकडिएको समाज, विभिन्न कुरीति, कुसंस्कार र कुपरम्पराले समाज झेलिएको समयमा शिक्षा र न्यायको क्षेत्रमा उदाएको एक सशक्त नारीको नाम हो गौरी ढकाल । छोरालाई समेत शिक्षामा महत्व नदिने, निरक्षरता र अशिक्षाले समाज जकडिएको समयमा शिक्षा आर्जन गरेर एक छोरी, एक महिला सफल न्यायाधीश हुनुलाई सफल जीवनको कडीको रुपमा लिन सकिन्छ ।

आफ्नो बाबुलाई सधैं प्रेरणाको श्रोत मान्ने गौरीको जन्म वि.सं. २००२ साल माघ महिनामा बुवा कृष्णमणि उपाध्याय र आमा सुशिला अर्यालको ६ सन्तान मध्ये पहिलो सन्तानको रुपमा भएको हो । काठमाण्डौंको सिफलमा मध्यम वर्गीय परिवारमा जन्मिनु भएकी उहाँ सानैदेखि तीक्ष्ण र पढाइप्रति झुकाव राख्ने हुनुहुन्थ्यो ।

## प्रेरणाको स्रोत

गौरी आफ्नो बुवालाई प्रेरणा र उर्जाको स्रोत मान्नुहुन्छ । बुबा कृष्णमणि उपाध्याय कायम मुकायम शाखा अधिकृत हुनुहुन्थ्यो । एकचोटी सरकारी कामकाजको सिलसिलामा उहाँ कलकत्ता जानुभयो । कलकत्तामा शिक्षामा भएको विकास देखेर उहाँलाई आफ्नो छोराछोरीलाई पढाउने, शिक्षित र सक्षम बनाउने इच्छा जाग्यो । नेपाल फर्केपछि छोराछोरीको शिक्षालाई विशेष जोड दिनुभयो । विशेष गरी छोरीलाई पढाउनुपर्छ, सक्षम र सफल नागरिक बनाउनुपर्छ भन्ने जागरुकता उहाँमा थियो, त्यसैले कलकत्ताबाट फर्कने बित्तिकै छोराछोरीलाई विद्यालय भर्ना गर्नुभयो । उहाँ छोराछोरीको पढाइमा जोड दिनुहुन्थ्यो । बेलुका १० बजे सुत्ने र ४ बजे उठने तालिका नै बनेको थियो ।

काठमाडौंको सिफलमा रहेको उहाँको परिवार मध्यम वर्गीय शिक्षित परिवार थियो । उहाँको हजुरबुबा रामनिधी उपाध्याय डिठ्ठा हुनुहुन्थ्यो । ठूलो हजुरबुवा कृष्णचन्द्र अर्याल गोरखापत्रको उपसम्पादक हुनुहुन्थ्यो । उहाँको आमा साक्षर हुनुहुन्थ्यो, त्यही भएर तर छोराछोरीको पढाइप्रति सचेत एवं प्रेरणाको श्रोत नै हुनुहन्थ्यो । त्यसैले गौरीलगायत उहाँका भाइ बहिनी सबैले उच्च शिक्षा

पढ्ने अवसर पाए। गौरीले डिल्ली बजारमा रहेको पद्मकन्या विद्यालयबाट वि.स.२०१६ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो। त्यसपछि पद्मकन्या बहुमुखी क्याम्पस बागबजारबाट २०१८ सालमा आइए र २०२० सालमा स्नातक तह पुरा गर्नुभयो।

## कानुन पढ्ने प्रेरणा

शिक्षित र आर्थिक हिसाबले पनि राम्रो परिवार भएकाले उहाँले गरिबी र अभाव भोल्नु परेन। आफूले भने अनुसार उच्च शिक्षा लिन पनि पाउनु भयो। हुन त एउटा विषयमा स्नातक सकेपछि कानुन पढ्न इच्छा गर्नुभएको होइन। तर छिमेकी दाइ (प्रमोद आचार्य) ले स्नातक उत्तीर्ण गरेकोमा बधाई दिँदै आगामी पढाइ बारे सोध्नुभयो। गौरीले अब पढ्ने इच्छा छैन भन्नुभयो। तर प्रमोद दाइले दिउँसो जागिर खाए पनि कानुन विषय पढ्ने रात्री कलेज छ भन्दै त्यहाँ पढ्न सुझाव दिनुभयो। त्यो सुनेपछि गौरी खुशी हुँदै बुबालाई सुनाउनु भयो। शिक्षाप्रति सकारात्मक सोच राख्ने बुबाले पनि झन् खुशी हुँदै कानुन विषय पढ्ने व्यवस्था गर्दिनुभयो। दरबार स्कुलको भवनमा भएको नेपाल ल क्याम्पसमा २ वर्षे कोर्षमा भर्ना भएर उहाँले २०२३ सालमा कानुन विषयमा पनि स्नातक तहको अध्ययन पुरा गर्नुभयो।

## छात्रालाई पढाउने महिला शिक्षक

श्री ३ पद्म शमसेरले छोरीहरुलाई पनि पढाउनु पर्छ भनेर पद्मकन्या विद्यालय स्थापना गरिसकेका थिए। २००७ सालमा प्रजातन्त्र स्थापना भइसकेकाले मानिसको चेतनाको स्तर बिस्तारै बढ्दै गएको थियो। छोरीलाई पनि पढाउनुपर्छ, उनीहरुले पनि पुरुषले गर्ने काम गर्न सक्छन् भन्ने सोचेर शहरका मध्यम वर्गीय परिवारहरुले धमाधम छोरीहरु विद्यालय र कलेज पढाउन थालेका थिए। महिला शिक्षक भने दार्जिलिङबाट ल्याइन्थ्यो। उहाँका अनुसार छोरीहरुको मनोबल उच्च पार्न पनि महिला शिक्षकहरु नै खोजेर ल्याएर पठनपाठनको संस्कृति विकास गर्न खोजिएको थियो।

## रात्रीकालीन शिक्षा

किनभने त्यो वेलासम्म छोरीहरु पढ्न जाँदा खिसी गर्ने (जिस्क्याउने) वा कुरा काट्ने चलन थियो । गौरी भन्नुहुन्छ, "कालोपुल पारी सिफल चाबहिलबाट एसएलसी, आइए र बिए एवं बिएल गर्ने पहिलो महिला म थिएँ ।" रात्रीकालीन शिक्षा पढ्न भने सजिलो थिएन । बिएलमा अध्ययन गर्ने छात्रा गौरी उहाँको ब्याचमा एक्लो हुनुहुन्थ्यो । अहिले जस्तो घरहरु पनि थिएनन्, अहिलेको जस्तो सार्वजनिक बसहरु पनि हुँदैनथ्यो । तर कानुन विषय पढ्न भने उहाँलाई झन् रहर लागिरहेको थियो । जोश, जाँगर र इच्छा भएपछि डर पनि लाग्दो रहेनछ भन्ने उहाँको अनुभव छ । किनभने बेलुका ८:३० बजे दरबार स्कुलबाट छुटेर चाबहिल घरसम्म पुग्न उहाँलाई डर लाग्दैनथ्यो ।

उहाँको विवाह २०२३ साल फागुन २६ गते मदनप्रसाद ढकालसँग भयो । त्यतिवेला उहाँ महालेखा नियन्त्रण कार्यालयमा लेखा अधिकृत हुनुहुन्थ्यो । उहाँ अत्यन्त सहयोगी र महिलाहरू अगाडि बढ्नुपर्छ भन्ने भावना भएको र कामप्रति सम्मान गर्ने बानी थियो । त्यही कारण पनि उहाँ यो उचाइसम्म पुगेको उहाँको ठम्याइ छ । उहाँका एक छोरा, बुहारी र नाती हुनुहुन्छ, उहाँहरू अस्ट्रेलियामै बसोबास गरिरहनु भएको छ ।

## राजनीतिप्रति झुकाव नहुनुको कारण

राजनीतिप्रति भने खासै झुकाव भएन उहाँलाई । त्यसमा थुप्रै कारण छन् । पहिलो त, निर्दलिय पञ्चायती व्यवस्था, त्यसमा पनि महिलालाई राजनीति गर्न एकदमै कठिन थियो । अर्कोतर्फ उहाँ परिवारमा जेठो सन्तान हुनुहुन्थ्यो, बुवा जागिरबाट अवकाश लिइसक्नु भएकाले परिवारप्रतिको जिम्मेवारी पनि आफूमा आए जस्तो महसुस भयो । जसरी बुवाले शिक्षामा प्रेरित गर्नुभएको थियो । त्यसरी नै भाइबहिनीको शिक्षामा पनि ध्यान दिनुपर्थ्यो । यिनै कारणले गर्दा जागिर, भाइबहिनीको पढाइलाई सँगै लैजान थाल्नु भयो । राजनीतिप्रति भन्दा पढ्ने र पढाउनेतिरै बढी झुकाव भएको उहाँ बताउनुहुन्छ । उहाँ र परिवारले चाहे जस्तै भाइबहिनीले पनि राम्रो पढे ।

## शाखा अधिकृतदेखि न्यायधीशसम्मको यात्रा

उहाँले २०२० सालमा नेशनल ट्रेडिङबाट जागिरे जीवनको शुरु गर्नुभयो । चार वर्ष त्यहाँ काम गरेपछि २०२५ सालमा लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी शाखा अधिकृत हुनुभयो । उहाँको पहिलो दरबन्दी कानुन तथा न्याय मन्त्रालयमा भएको थियो । त्यहाँ उहाँले सन् १९६९ देखि १९७५ सम्म सेवा गर्नुभयो । शाखा अधिकृत भएको ६ वर्षपछि २०३१ सालमा उपसचिवमा बढुवा पछि पनि त्यही मन्त्रालयमा  कार्यरत हुनुभयो । उपसचिव भएपछि भने जागिरे जीवन ज्यादै संघर्षशील र विभेद खेप्नुपर्ने खालको भयो । महिलालाई दोस्रो दर्जाको नागरिक सम्झने पितृसतात्मक सोच र प्रवृति भएको समाजको स्वरुप कर्मचारी प्रशासन र त्यहाँको व्यवहारमा छर्लङ्ग देखियो । पञ्चायती व्यवस्था थियो त्यो बेला । बाहिर महिला संगठनलगायत अन्य संगठनहरु भर्खरै खुल्ने दौरानमा थिए । तर कार्यालय भित्र भने २/३ जना महिला कर्मचारी साथीहरू भेट भएर कामकाजकै विषयमा छलफल गर्दा पनि 'महिलाको संगठन भएछ' भनेर पुरुष कर्मचारहरूले हेप्ने, जिस्क्याउने गर्थे । महिला संगठनलाई हेप्ने प्रवृत्ति नै थियो त्यो बेला अर्थात महिलाहरू एक भएको देख्न चाहँदैनथे । जब उहाँको बढुवा हुने समय आउँथ्यो, विभिन्न ऐन, नियम परिवर्तन गरिएको उहाँ अहिले पनि बिर्सिन सक्नुहुन्न । विभिन्न बाधा अड्काउ परेको बहाना बन्थे । कहिले तक्मा (बिभुषण) नपाएको व्यक्तिलाई बढुवा गर्न नमिल्ने भन्दै बढुवा रोकिन्थ्यो, कहिले उहाँले पाएको डिग्रीको विषयलाई लिएर बढुवा रोकिन्थ्यो ।

यति हुँदाहुँदै पनि जहाँ जे जिम्मेवारी पाउनु भयो पूर्ण निष्ठा र इमादारिताका साथ पूरा गर्नुभयो । यसै क्रममा सन् १९८० देखि १९८३ सम्म काठमाडौं जिल्ला अदालतको न्यायाधीश, सन् १९८३ देखि १९८६ सम्म गृह मन्त्रालयमा कानुन अधिकृत र सल्लाहकार, सन् १९८६ देखि १९८९ सम्म गण्डकी अञ्चल अदालत र सन १९८९ देखि १९९२ सम्म जनकपुर अञ्चल अदालतको न्यायधीशको जिम्मेवारी कुशलताकासाथ निर्वाह गर्नुभयो । त्यसै गरि सन् १९९२ देखि १९९५ सम्म पुनरावेदन अदालत, राजविराज, सन् १९९५ देखि १९९८ सम्म पुनरावेदन अदालत, हेटौंडा, सन् १९९८ देखि २००१ पुनरावेदन अदालत, विराटनगर, सन् २००१ देखि २००३ सम्म पुनरावेदन अदालत, पाटन र सन् २००३ देखि २००४ सम्म पुनरावेदन अदालत, महेन्द्रनगरमा न्यायाधीश भएर काम गर्नुभयो । सन् २००४ मा पुनरावेदन अदालत, पोखराको मुख्य न्यायाधीश

बन्नुभयो । जहाँ सरुवा भयो त्यहाँ गएर आफ्नो कर्तव्य पूरा गर्नुभयो । लामो समयको प्रतीक्षा पछि सन् २००५ मा सर्वोच्च अदालतको न्यायाधीश बन्नु भयो । उहाँ भन्नुहुन्छ, "न्याय सेवामा न्याय गर्न त्यति सहज थिएन र हुँदैन पनि । न्याय माग्न आउने पीडित पक्षलाई न्याय दिन कानूनको कार्यविधि पूरा गरेर उनिहरुले पेश गरेको सबूत प्रमाणको आधारमा न्याय दिनुपर्ने हुन्छ ।" न्याय सम्पादन गर्दा दबाव नआएको होइन तर आफूले इमान नछोडी, लोभ लालचमा नपरी निर्णय गरेको गौरी बताउनु हुन्छ । न्यायाधीशको कुर्चीमा बसेर फैसला गरीसकेपछि पीडितको अनुहारमा देखिने चमकले आफूलाई सन्तुष्टि दिने गरेको र त्यो नै जीवनको उपलब्धी भएको उहाँ गर्वकासाथ भन्नुहुन्छ ।

## बच्चा र परिवारबाट सँधै टाढा

जागिरे जीवन सहज भएन । एक त परिवार बच्चा छोडेर टाढा बस्नुपर्ने, अर्को कार्यालयका हाकिमहरूबाट गरिने व्यवहारले । पितृसत्तात्मक सोच र व्यवहारले गर्दा २०३१ सालमा उपसचिव भएको मान्छे २०४२ सालमा मात्र प्रथम श्रेणी (अंचल न्यायाधीश) हुनुभयो । उपसचिव भएर ११ वर्षमा त्यो तह र पद पाउनु पनि सफलता मान्नुपर्ने बनाइयो । जागिरको समयमा उहाँको धेरै समय परिवारबाट टाढा भएर मोफसलमै बित्यो । सत्ताको वरपर आफ्नो मान्छे नभएकै कारण आफू सँधै राजधानी बाहिर सरुवामा पर्ने गरेको भन्ने लाग्छ उहाँलाई । जागिरको बाध्यताले साना बालबच्चा परिवार छोडेर पुरै जीवन जिल्ला जिल्लामा बिताउनु कम्ती कष्टपूर्ण थिएन । जागिरे जीवनको दौरानमा उहाँको अगाडि आइपरेका चुनौती तथा उत्तारचढाव, आरोह अवरोह सम्झिदा अहिले पनि सकस लाग्छ । त्यसैले सम्झिने गर्नुहुन्छ, "State is Male in the Eyes of Men" चर्चित विद्वानको भनाइ र मेरो जागिरे जीवनको भोगाइ ठ्याक्कै मिल्छ ।"

जिल्ला, पुनरावेदन र सर्वोच्चको न्यायाधीशसम्म पुग्दा हिमाल, पहाड र तराई सबैतिरको अनुभव बटुल्नुभयो । सयौं मुद्दाहरुको किनारा लगाउनुभयो । आफूले गरेका फैसलाबाट थुप्रै पीडितहरूलाई न्याय प्रदान गर्न सकेकोमा भने उहाँलाई गर्व लाग्छ । उहाँ देवानी मुद्दामा विशेष दखल भएको न्यायाधीश भित्र पर्नुहुन्छ । विभिन्न अनुभव, भनाइ एवं सर्वोच्च अदालतबाट प्रकाशित हुने कानून पत्रिकाको अध्ययन अनुसार उहाँले गरेको फैसला बिरलै मात्र

उल्टिए। 'बहुचर्चित अपराधी' चार्ल्स शोभराजको मुद्दाको अन्तिम किनारा सर्वोच्च अदालतमा उहाँले नै लगाउनु भएको थियो। वि.स. २०६६ साल असार १२ गते ६ रोज मा बाबु वा आमाको ठेगाना मध्य एक स्थानबाट नागरिकताको प्रमाण पत्र प्रदान गर्न सकिने निर्णय उहाँले गर्नुभएको थियो। यस निर्णयबाट केही मात्रामा भए पनि महिलाको हक स्थापित भएको थियो। न्यायधीश भएर न्याय सेवालाई समृद्ध बनाउन उहाँले पुऱ्यानु भएको योगदानको कदर गर्दै महिला नयायाधीशहरुको अन्तर्राष्ट्रिय संगठनले सन् १९८९ मा वर्षकै उत्कृष्ट न्यायाधीशको पदवीबाट सम्मानित गरेको थियो।

यसरी विभिन्न देवानी र फौजदारी मुद्दाहरुको किनारा पूर्ण निष्ठा, न्याय एवं इमान्दारिताका साथ लगाउनु भएको थियो।

कसैलाई लाग्ला त्यो बेला त लोकसेवा दिने बित्तिकै पास भैहालिन्थ्यो, तर अहं त्यसो होइन। अझ तीन पटकभन्दा बढी समय लोकसेवा दिन पाइदैनथ्यो। त्यो चिन्ता उहाँमा पनि थियो। तर उहाँले एकै पटकमा राजपत्राङ्कित तृतिय श्रेणी (शाखा अधिकृत) मा नाम निकाल्नु भयो। वि.स.२०२५ साल भाद्र १ गते उहाँ लोक सेवा उत्तीर्ण हुनुभएको थियो। त्यो बेला लोकसेवा पास गर्ने महिलाहरूमा इन्दिरा राणा (अवकास प्राप्त सचिव, न्याय परिषद), सत्य भामा माथेमा (पुर्वाञ्चल न्यायधीश) र गौरी ढकाल (सर्वोच्चको न्यायधीश बाट अवकाश प्राप्त) सहित तिन जना मात्र हुनुहुन्थ्यो। उहाँको भनाइमा उहाँहरू नै तत्कालीन श्री ५ को सरकारको सम्भवत पहिलो कानुन अधिकृतहरु हुनुहुन्छ। कामसँगै अध्ययन, अनुसन्धानका लागि अमेरिका, कोरिया, इन्डिया, नेदरल्याण्ड लगाएतका मुलुकहरुको भ्रमण पनि उहाँले गर्नुभएको छ। दर्जनौं पुरस्कार र सम्मान यस दौरानमा उहाँलाई प्राप्त भएका छन्।

## अवकाश पछिको सक्रिय जीवन

हाल उहाँ ७४ वर्षको हुनुभयो। अवकाश पछिदेखि नै विभिन्न सामाजिक काम र अभियानमा क्रियाशील हुनुभएका उहाँ बलात्कार विरुद्धको क्याम्प (Anti Rape Camp) मा आवद्ध हुनुहुन्छ। यो क्याम्प बलात्कार विरुद्धको अभियान हो। अभियान अन्तर्गत विभिन्न विद्यालयमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई बलात्कार विरुद्ध चेतनामूलक कार्यक्रम मार्फत् जागरुक गराउने

गरिएको छ । उहाँ न्यायाधीश महिलाहरूको अन्तर्राष्ट्रिय संघ (International Association of Women Judges) को सदस्य पनि हुनुहुन्छ । यो संस्थाले विश्वभरिकै पीडित महिलाहरूको लागि काम गर्छ । त्यसका साथै महिला न्यायाधीश मञ्चको उपाध्यक्ष पनि हुनुहुन्छ ।

जीवन सहज छैन, संघर्ष, धैर्यता र पूर्ण उर्जाका, साथ अघि बढ्नुपर्छ, एकदिन अवश्य लक्ष्यमा पुग्न सकिन्छ भन्ने प्रेरणाको श्रोत हुनुहुन्छ उहाँ । बीचमा लरबराउनु हुँदैन र सत्य बाटोमा लाग्नुपर्छ, गन्तव्यमा पुग्न गाह्रो भन्ने केही छैन भन्नुहुन्छ उहाँ । ●